

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १६ गते बिहीबार ❑ 30 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## १७ औँ असारे रोपाइँ महोत्सवमा आत्मनिर्भर कृषिमा जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

पोखरा पर्यटन परिषद्को आयोजना एवं देवीस्थान सेवा समाज पोखरा-२५ हेमजाको स्थानीय आयोजना र नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा आयोजित १७ औँ असारे रोपाइँ महोत्सवमा आत्मनिर्भर कृषिमा जोड दिइएको छ।



पोखरा-२५मा बुधबार आयोजित दोस्रो राष्ट्रिय हेम्जा हिले महोत्सव तथा असारे रोपाइँ महोत्सवमा रमाउँदै विदेशी पर्यटकहरु । तस्वीर : राधिका कँडेल

पोखरा-२५ हेमजामा आयोजित महोत्सवका सहभागीले नेपाल कृषि प्रधान मुलुक भए पनि आत्मनिर्भर हुन नसक्नु चुनौतीको विषय भएको बताउँदै कृषिको आधुनिकीकरणमार्फत उत्पादन बढाउनेतर्फ लाग्नुपने उल्लेख गरे । पोखरा महानगर पालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले कृषिमा आत्मनिर्भर बन्ने गरी उत्पादन र उत्पादकत्व बढाउनु अहिलेको आवश्यकता भएको बताउनुभयो । कृषिको आधुनिकीकरण गर्दै यसलाई व्यावसायिक बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । रोपाइँ महोत्सव कार्यक्रम संयोजक पोमनारायण श्रेष्ठले कृषिप्रतिको आकर्षणलाई बढाउँदै यसलाई पर्यटनसँग पनि जोड्नुपर्छ भन्ने उद्देश्यका साथ महोत्सव आयोजना गरिएको बताउनुभयो । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले असार १५ को रोपाइँ महोत्सवलाई निरन्तर सञ्चालन गर्दै १७ औँ संस्करणसम्म आइपुग्दा यसप्रतिको आकर्षण बढ्दै गएको बताउनुभयो ।

कार्यक्रममा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशीराज भण्डारी, पोखरा-२५ का वडाध्यक्ष मोतिलाल तिमल्सिना, पोखरा पर्यटन परिषद्का महासचिव रामचन्द्र शर्मा, चूडामणि तिमल्सिनालगायतले रोपाइँ महोत्सवले कृषिप्रतिको आकर्षण बढाउँदै उत्पादन र उत्पादकत्व वृद्धिका माध्यमबाट कृषिमा आत्मनिर्भर बन्न प्रेरणा दिने विश्वास व्यक्त गर्नुभयो । उक्त अवसरमा असारे रोपाइँसँग सम्बन्धित हिले दौडलगायतका विभिन्न प्रतियोगिता गरिएको थियो ।

## पोखरामा महानगर प्रमुख र प्रशासकीय अधिकृतको भेला

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

देशका छवटै महानगरका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको भेला पोखरामा हुने भएको छ । पोखरा महानगरको आयोजनामा आगामी साउन पहिलो साता भेला आयोजना गरिएको छ।

भेलामा प्रदेश सरकार र केन्द्र सरकारसँगको सम्बन्ध महानगर पालिका प्रमुखहरूबीच अनुभव आदान-प्रदान र विविध योजनाका विषयमा छलफल हुने पोखरा महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले साउनको पहिलो हप्ता पोखरामा भेला आयोजना गरेका छौँ । सबै आउने निश्चित भइसकेको छ।"

भेलाले महानगरबीच अनुभव आदान-प्रदानमा सहयोग पुग्ने र विकास निर्माणलगायत सङ्घ र प्रदेश सरकारसँगको सम्बन्धलाई अझ कसरी अगाडि बढाउने भन्ने विषयमा पनि छलफल हुने आचार्यले जानकारी दिनुभयो ।

यसैबीच पोखरा महानगरका प्रमुख आचार्य र काठमाडौ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहबीच भेटवार्ता भएको छ । काठमाडौँ महानगर पालिका कार्यालयमा मङ्गलबार उहाँहरूबीच भेटवार्ता भएको हो। भेटका अवसरमा बजेट निर्माण, राजस्व सङ्कलन तथा अन्य समसामयिक विषयमा छलफल भएको बताइएको छ।

प्रमुख आचार्यले मङ्गलबार नै काठमाडौँमा राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुनसँग पनि भेटवार्ता गर्नुभएको छ । आविष्कार केन्द्रमा आविष्कार भएका सामग्री पोखराको हितमा कसरी प्रयोग गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । "आविष्कार केन्द्रका अध्यक्ष पुनसँगको भेटमा उहाँहरूका उत्पादनलाई हामीले कसरी उपयोग गर्न सक्छौँ । महानगरको हित हुने उपकरणको विषयमा जानकारी मागेका छौँ । उहाँले रचनात्मक सुझाव दिनुभएको छ", प्रमुख आचार्यले भन्नुभयो ।

## नेपाली कांग्रेस प्रदेश सभा २(क) कास्कीको मुख्यमन्त्रीलाई ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

नेपाली कांग्रेस प्रदेश सभा क्षेत्रीय कार्यसमिति कास्की २(क) ले गण्डकी प्रदेशका मुख्यमन्त्री माननीय कृष्णचन्द्र नेपालीलाई बुधबार मुख्यमन्त्री कार्यालयमा भेटघाट गरी विभिन्न विषयहरुमा ध्यानआकर्षण गराएकोछ ।

प्रदेश सभा क्षेत्रीय कार्यसमिति कास्की २(क) का सभापति दिनेश आचार्यको नेतृत्वमा गएको टोलिले हाल भैरहेको मुल्यवृद्धि, प्रदेश सरकारकातर्फबाट यातायात/विधुतिय सावारी लगायत विभिन्न शिर्षकमा लगाइएको भनिएको कर, पूर्व विशिष्टका नाममा दिन लागिएको सेवा सुविधा, कोभिड-१९ बाट ज्यान गुमाउनेका परिवारहरुले पाउने राहत, प्रदेश सरकारले निर्माण गरेको बजेट र हाल यसको छलफलमा भैरहेको ढिलाई, सांसदहरुले खर्च गर्नेगरी बनाइएको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम यसमा देखिएको विवाद सँगै प्रदेशका विभिन्न ठाउँमा लगातार भैरहेको वर्षाका कारण भएको क्षती न्यूनीकरणका लागि प्रदेश सरकारको भुमिका सहितका विषयमा ध्यानाकर्षण गराएको हो । कार्यसमितिका पदाधिकारी लगायत सदस्यहरुको टोलिले हाल प्रदेश सरकारले गरेको काम, यसबाट आम जनमानसमा परेको प्रभाव लगायतका विषयमा कुरा राखेको सभापति आचार्यले जानकारी दिनुभयो ।

जवाफमा मुख्यमन्त्री नेपालीले बजेट माथीको विवाद टुङ्गिएको यससम्बन्धी सम्पूर्ण विषय यसै हप्ताभित्र छलफलमा गइ टुङ्गो लाग्ने बताउनुभएको ।

पूर्व विशिष्टका नाममा दिन लागिएको सेवा सुविधाप्रति विज्ञहरुको समुह निर्माण गरेको र यस सम्बन्धि सबै विषय समितिले समाधान गर्ने भन्दै सेवा सुविधाको हकमा आँफू धेरै आशक्ति नराख्ने समेत बताउनुभयो । बाढी पहिरो बाट भएको क्षति न्यूनिकरणको सवालमा प्रदेश सरकारले जिल्ला दैवी प्रकोप व्यवस्थापन समिति जो प्रत्येक जिल्लामा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा एक समिति रहने व्यवस्था भए बमोजिम त्यस्तो समितिलाई प्रदेश सरकारसँग भएको सम्पूण स्रोत साधन अधिकतम् प्रयोगमा लगाउने बताउनुभएको छ ।

मुख्यमन्त्री नेपालीले कोभिड-१९ बाट ज्यान गुमाउनेका परिवारहरुले पाउने राहत सबैले पाएको र छुटेको भएमा यथाशिघ्र सम्पर्कका आउन समेत आग्रह गर्नुभएको छ । उहाँले गण्डकी प्रदेश सरकारले प्रदेशभित्रका महिलाहरुको पाठेघरको मुखको क्यान्सरका निशुल्क उपचार, निशुल्क परिक्षण, मृगौलाको समस्या भएका विरामीहरुको निशुल्क डाएलाइसि सुविधा, स्पाइनल कर्ड इन्युरीका विरामी र बौद्धिक अपाङ्गता भएकाहरुको हेरचाहमा समेत प्रदेश सरकारले निशुल्क रुपमा विभिन्न कार्यक्रम ल्याएको जानकारी दिनुभयो ।

## सवारी नविकरण वर्षमा २ पटक भनि भइरहेको सुचना प्रवाहप्रति अर्थ मन्त्रालयको ध्यानाकर्षण

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

गण्डकी प्रदेशमा सवारी नविकरण वर्षमा २ पटक भनि भइरहेको सुचना प्रवाहप्रति अर्थ मन्त्रालयले ध्यानाकर्षण गराएको छ।

अर्थमन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेश सभामा प्रस्तुत गर्नुभएको आर्थिक बर्ष २०७९/०८० को वजेट वक्तव्यमा सवारी साधन जाँचपास गर्नुपर्ने व्यवस्था संशोधन गरि अर्धवार्षिक रुपमा गर्नुपर्ने व्यवस्था कायम गरिएको बिषयलाई लियर हाल नविकरण बर्षमा २ पटक भन्ने सूचना प्रवाह प्रति अर्थ मन्त्रालयले ध्यानाकर्षण भएको जनाएको छ । प्रस्तुतः भएको वजेट वक्तव्यको बुदा नं. १७२ मा "सवारी साधनको जाँचपास नागरिक सुरक्षासँग जोडिएको बिषय हुँदा बार्षिक रुपमा सवारी साधन जाँचपास गर्नुपर्ने व्यवस्था संशोधन गरि अर्धवार्षिक रुपमा गर्नुपर्ने व्यवस्था कायम गरिएको उल्लेख गरिएको मन्त्रालयले जारी गरेको प्रेस विज्ञेप्तिमा उल्लेख गरिएको छ। जाच पासको विषयलाई लिएर विभिन्न सञ्चार माध्यममा "सवारी नविकरण वर्षमा २ पटक" भनि भइरहेको सुचना प्रवाहप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको मन्त्रालयका उपसचिव तथा प्रवक्ता वसन्तराज तिवारीद्धारा जारी गरिएको विज्ञेप्तिमा उल्लेख गरिएको छ । गण्डकी प्रदेश सरकारको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन २०७६ को दफा ९९ बमोजिम सार्वजनिक सवारीको जाँचपास गराउनुपर्ने व्यवस्था, दफा १०१ को उपदफा (२) मा सवारी जाँचपासको प्रमाणपत्रको मान्यता ६ महिनासम्मको लागि हुनेछ भन्ने व्यवस्था र दफा १०२ (१) मा म्याद नाघेको ७ दिनभित्र जाँचपास गराउनुपर्ने व्यवस्था रहेको छ।

ऐ. ऐनको दफा १०२ (३) मा यदि तोकिएको म्याद भित्र जाँचपास नगराएमा जाँचपासको प्रमाणपत्र रद्द समेत हुने व्यवस्था रहेको कुरा विज्ञेप्तिमा उल्लेख छ । गत वर्ष विश्वव्यापी कोरोना महामारीको कारण सवारी जाँचपास वार्षिक रुपमा गर्ने वार्षिक रुपमा दस्तुर एक हजार लाग्ने व्यवस्था भएकोमा यस वर्ष देखि मौजुदा ऐन अनुसार सवारी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सीडको प्रतिवेदन माथि छलफल

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा उन्मुलन गर्ने महासन्धी (सीड) को छैठौं आवधिक प्रतिबेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयनको अवस्था सम्बन्धी अध्ययन प्रतिबेदन उपर छलफल गोष्ठी पोखरामा सम्पन्न भएको छ।

गोष्ठीको उद्घाटन गण्डकी प्रदेशका शिक्षा, बिज्ञान, तथा सामाजिक बिकास मंत्री मेखलाल श्रेष्ठले उद्घाटन गरेका थिए। मंत्री श्रेष्ठले समाजमा महिला हिंसा बढ्नुको कारण महिलाहरु सचेत नभएरै हो भन्ने निष्कर्ष निकाले । उनले महिला हिंसा बढ्नुमा महिला नै दोषी रहेको बताए । समस्याको पहिचान नै नगरी सतही ब्याख्या गर्दै उनले भने 'शाशुले बुहारीलाई छोरी जस्तो ब्यवहार गर्नुपर्छ र बुहारीले पनि आमा जस्तो ब्यवहार गर्नुपर्छ।' राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले नेपाल सरकारले सन् १९९१ मा महिला बिरुद्ध हुने सबै प्रकारका हिसा उन्मुलन गने महासंधी (सीड) मा निर्सत हस्ताक्षर गरे अनुरुप नयाँ संबिधान तथा कानुन् बनाएर अन्तराष्ट्रिय महासन्धीहरुको कार्यान्वयन गर्नुपर्ने बताईन्। उनले भनिन् कानुन पर्याप्त भए पनि कार्यान्वयनमा समस्या देखिएकाले छ । उनले भनिन् 'हामीकहाँ तीनतहको सरकार छ सबैले आफ्नो ठाउबाट महिलाको हक अधिकार कार्यान्वयन गर्नु पर्छ ।' आम मानसिकता र सोच बदल्नु पर्ने आवश्यकता रहेको औल्याईन।

सो अवसरमा गण्डकी प्रदेश मुख्यमंत्री कार्यालयका सचिव मनमाया पंगेनी भट्टराईले संबिधान बनेको ७ बर्ष पुग्दा पनि महिलाको नामबाट नारिकता दिन कानुन् नबन्नु बिडम्बनापूर्ण भएको बताईन् । उनले भनिन् कानुन् कार्यान्वयन गर्ने निकायका प्रमुखको इच्छाशक्ती र सकारात्मक सोच भएमा महिलाहरु बिभेदमा नपर्ने औंल्याईन् । सो अवसरमा बम्हकुमारी राजयोगिनी अप्सराले महिलाहरु पौराणिक काल देखि नै कमजोर होईन शक्तिशाली भएको बताइन् । उनले भनिन् अव पनि महिलाहरुले शक्ति आर्जन गर्नुपर्छ । सो अवसरमा कास्कीका प्रमुख जिल्ला अधिकारी जिल्ला समन्वय समितिका उपाध्यक्ष सरिता कुमाल, एक द्धवार संकट ब्यवस्थापन कार्यक्रमका प्रमुख डा भरत खत्री, कोपिला नेपालकी कार्यकारी निर्देशक बीना शिलवाल महिला रक्षक भएमा सक्नु कार्यक्रमका अध्यक्ष महिला मानव अधिकार रक्षक संजालका केन्द्रिय सदस्य, अधिबक्ता ईन्द्र कुमारी शार्मा, लगायतले बक्ताहरुले बोलेका थिए । कार्यक्रममा भर्खरै सम्पन्न स्थानिय तहको निर्वाचनमा गठबन्धनका कारण १ सय ७९ स्थानको प्रमुख उप्रमुखमा पुरुष बढेको र महिलाको संख्या घटेको बताएका थिए । सहभागीहरुले संबिधानले प्रत्याभूति गरेको ब्यवस्था समेत यस पटक कार्यान्वयन हुन नसकेको औल्याएका थिए । त्यसैगरी गण्डकी प्रदेशमा आमाको नामबाट नागरिकता बन्न धेरै समस्या झेल्नु परेको, असाहाय महिलाहरुको न्यायमा पहुच पुग्न नसकेको साथै प्रहरीले गने अनुसन्धान माथी पनि बेलाबेलामा प्रश्नचिन्ह उठ्ने गरेको बताएको थिए। पीडित र साक्षीहरुको संरक्षण हुन नसकेको र पीडितलाई होस्टाईन गर्ने घटना बढिरहेको बताए।

अनौपचारिक क्षेत्रको श्रममा कार्यरत महिला र पुरुषमा पारिश्रमिक बिभेद रहेको बताएका थिए । त्यसैगरी संचारप्रबिधिबाट हुने हिंसाहरुलाई आयोगको प्रतिवेदनमा समेट्नु पर्नेमा जोड दिएका थिए । महिलामाथी हुने हिंसाका प्रकारहरु, बिभेदकारी कानुनी ब्यवस्था, सम्रचना, पितृसत्तात्मक सोचका कारण महिलाई पछाडी पारिएको निष्कर्ष निकालीएको छ । ४।४ बर्षमा पक्ष राष्ट्रले प्रतिवेदन पेश गर्नुपर्ने भए पनि भुकम्पका ७ बर्षमा प्रस्तुत गर्न लागिएको हो । आगामी अक्टोवर २२ नेपाल सरकारले सो प्रतिवेदन पेश गर्दैछ । नेपाल सरकारले पेश गर्ने प्रतिवेदनलाइ नागरिक समाजको तर्फबाट पनि सुझावहरु दिने गरिएको छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ‘कृषिलाई आधुनिक र व्यावसायिक बनाउन सरकार क्रियाशील’

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेश सरकार कृषिलाई आधुनिक र व्यावसायिक बनाउन प्रतिबद्ध रहेको बताउनुभएको छ।

राष्ट्रिय धान दिवस एवं असार १५ का अवसरमा शुभकामना सन्देश दिँदै उहाँले गण्डकी प्रदेश र समग्र मुलुकको जीविकाको मुख्य आधार कृषि नै रहेको उल्लेख गर्दै जग्गा चक्लाबन्दीका आधारमा व्यावसायिक कृषि फार्म सञ्चालनलाई प्राथमिकतामा राखिएको बताउनुभयो । “कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रिकीकरण र व्यावसायीकरणमार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि गरी स्वरोजगारका अवसर सिर्जना, खाद्य सुरक्षा र नागरिकको स्वास्थ्यको प्रत्याभूति गर्ने नीति प्रदेश सरकारको छ”, सन्देशमा उल्लेख छ।

यस वर्ष ‘धान रोपौँ, खाद्यान्नमा आत्मनिर्भर बनौँ’ नाराका साथ धान दिवस मनाइँदै छ । नेपालमा २०६२ असार १५ गतेदेखि धान दिवस मनाउन थालिएको हो । असार १५ नेपाली समाजमा दही चिउरा खाने पर्वका रूपमा पनि परिचित छ । खेतीपातीबाहेक अन्य पेशा तथा व्यवसायमा लागेका नेपालीले पनि आज दही, चिउरा खाई असार १५ मनाउँछन् ।

धान दिवसका अवसरमा मुख्यमन्त्री पोखरेलले सम्पूर्ण नेपाली नागरिक तथा कृषक दाजुभाइ, दिदीबहिनीमा सुख, समृद्धि, उन्नति र उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गदै ‘“असार १५ लाई सभ्य, भव्य र उल्लासपूर्वक मनाई नेपालमा धान संस्कृतिको जगेर्ना गदै ‘ खाद्यान्नमा आत्मनिर्भर बन्ने अभियानमा हातेमालो गर्न अनुरोध गर्नुभएको छ ।

# सवारी...

जाँचपासको अर्धवार्षिक रुपमा पाँच/पाँच सय दस्तुर लाग्ने गरी जाँचपास गर्ने व्यवस्था गरिएकोले थप शुल्क नलाग्ने तिवारीले स्पष्ट पार्नु भएको छ। अर्धबार्षिक रुपमा गरिने परिक्षणले दुर्घटना न्युनिकरण, नागरिकको सुरक्षा र वातावरण संरक्षण हुने तथ्यलाई मध्यनजर गर्न जरुरी देखिएकोले सरकारले उक्त निर्णय गरेको प्रवक्ता तिवारीको भनाई थियो । उहाँले भन्नु भयो “ वार्षिक रुपमा एक पटक हुने व्यवस्था सोही ऐन अनुसार नै रहेको व्यहोरा अवगत गराउदै बिभिन्न सञ्चार माध्यममा आएका समाचारहरुबाट भ्रम नपर्न सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि विज्ञप्ती जारी गरेका हौं ।”



राष्ट्रिय धान दिवस एवं असार-१५ को अवसरमा ज्ञान गंगा स्कुल, पोखरा-१४ चाउथेले स्कुल परिसरमा धान रोपेर बालबालिकालाई रोपाइँको बारेमा सिकाउँदै । सो अवसरमा रमाउँदै बालबालिकाहरु । तस्वीर : पोखरापत्र

# प्रदेश सभा बैठक बोलाउन माग

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

नेकपा एमाले गण्डकी प्रदेश संसदीय दलले गण्डकी प्रदेशसभाको बैठक तत्काल बोलाउन माग गरेको छ।

नेकपा एमाले संसदीय दलद्वारा बुधबार आयोजित पत्रकार सम्मेलनमा संसदीय दलका नेता पृथ्वीसुब्बा गुरुङले गण्डकी प्रदेशसभा अनिश्चित कालका लागि स्थगित गरिएको र आफूहरूले खोल्न गरिएको आग्रहलाई अस्वीकार गरिएको बताउनुभयो ।

बजेट अधिवेशनमा आर्थिक वर्ष २०७९/८० को बजेट छलफल गरी पारित गर्नुपर्नेमा सरकार गठबन्धनका दलबीच बजेटको भागबण्डामा अलमलिएको नेता गुरुङले आरोप लगाउनुभयो ।

बजेट माथिको छलफल अर्थ विकास समितिमा गर्न खोजिएको भन्दै उहाँले यो संसदीय अभ्यास, विधि कानुन विपरीत भएको जिकिर गर्नुभयो । उहाँले समस्याको चाँडो समाधान खोज्नुपर्नेमा समेत जोड दिनुभयो ।

# अन्नपूर्ण गाउँपालिका भलिबल संघको अध्यक्षमा ‘अमृत’

पोखरापत्र संवाददाता
पोखरा, १५ असार



अन्नपूर्ण गाउँपालिका अन्तर्गत भलिबल संघको अध्यक्षमा अमृत लामा गुरुङ निर्विरोध चयन भएका छन् ।

गत आइतबार कास्की जिल्ला भलिबल संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष खगेन्द्र गौचनको संयोजकत्वमा बसेको भेलाबाट लामा अमृत फाउण्डेशनका संस्थापक अमृत लामा गुरुङ नेतृत्वको ११ सदस्यीय समित गठन गरिएको हो ।

गुरुङको नेतृत्वमा बनेको कार्यसमितिको उपाध्यक्षमा भलिबल खेलाडी अनिल घमाल, सचिवमा अतित गुरुङ, सह-सचिवमा जिवन सापकोटा र कोषाध्यक्षमा श्याम गुरुङ चुनिए । यसैगरि सदस्यमा गम बहादुर गुरुङ, हरिचन्द्र सुनार, मनोज गुरुङ, ईश्वर गुरुङ, विष्णुबहादुर गुरुङ र शिव कुमार पौडेल चयन भए ।

उक्त कार्यसमितिको कार्य अवधि ४ वर्ष रहने नवनिर्वाचित अध्यक्ष लामा गुरुङले जानकारी दिए । उक्त टिमलाई अन्नपूर्ण गाउँपालिकाका प्रमुख विष्णु केसी, प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटा, कास्की जिल्ला भलिबल संघका अध्यक्ष विष्णु गुरुङ तथा निवर्तमान वरिष्ठ उपाध्यक्ष खगेन्द्र गौचन लगायतले बधाई तथा शुभकामना व्यक्त गरेका थिए ।

शपथ ग्रहण पश्चात बोल्दै नवनिर्वाचित अध्यक्ष अमृत लामा गुरुङले गाउँपालिकाको मात्रै नभई सिङ्गो भलिबलको विकासको लागि काम गर्ने प्रतिबद्धता जनाए । उनले विगतमा आफ्नो फाउण्डेशनमार्फत विभिन्न सामाजिक कामसँगै भलिबल प्रतियोगिताको आयोजना गर्दै आएको बताउदै आगामी दिनमा समेत खेलकुदको गतिविधिलाई निरन्तरता दिने बताए । उनले प्रत्येक वर्ष गाउँपालिका कपको आयोजना गर्ने बताउदै खेलाडी उत्पादनमा टेवा पुग्ने धारणा राखे ।

‘गाउँपालिका भित्रका वडाहरुबीच हामीले भलिबल प्रतियोगिता गर्छौं, उनले भने, ‘उक्त कपबाट खेलाडी छनोट भएर गाउँपालिकामा जान्छ यसै गरि जिल्ला, प्रदेश हुदैं राष्ट्रिय स्तरको खेलाडी उत्पादन गर्ने सकिन्छ भन्ने उद्देश्य छ । हामी त्यही अनुरुप अघि बढ्नेछौं ।’

उनले अन्नपूर्ण गाउँपालिका आफैमा पर्यटकीय ठाउँ रहेको उल्लेख गर्दै खेलकुदको माध्यमबाट गाउँपालिकाको परिचय फराकिलो बनाउन पहल गर्ने प्रतिबद्धता जनाएका थिए ।

# नारायणगढ-मुग्लिन सडक : १७ ठाउँ उच्च जोखिममा

रासस
काठमाडौं, १५ असार

नारायणगढ-मुग्लिन सडक खण्डका १७ ठाउँ पहिरोको हिसाबले उच्च जोखिममा देखिएको छ। यस वर्षको वर्षातसँगै ती मध्ये सात ठाउँमा साना ठूला पहिरो खसिसकेका छन् । डिभिजन सडक कार्यालय भरतपुरका ईसागर कार्कीका अनुसार चार किलो, नाम्सी पुल, तीन नम्बर पुल, २६ किलो, २० किलो, १५ किलो, जुगेडी बजार नजिकैको कविलास जाने बाटो उच्च जोखिममा देखिएका छन् ।

ती ठाउँमा यसवर्ष पहिरो खसेर दुःख दिइरहेका छन् । तीमध्ये नारायणगढबाट ३१ किलोमिटर मुग्लिन तर्फ नाम्सी पुलमा धेरै समस्या आएको छ । त्यहाँ पुल निर्माण गर्दा काटिएको भित्तोबाट पहिरो खसेर समस्या आएको कार्कीले जानकारी दिनुभयो । त्यसका अतिरिक्त सेती दोभान, कालिखोला, सिमलताल लगायतका १० ठाउँ जोखिममा रहेका छन् । ती १७ ठाउँमा गत वर्ष पहिरो खसेको थियो ।

कतिपय ठाउँमा सुख्खा पहिरो समेत खसेर दुःख दिएको कार्की बताउनुहुन्छ । राजधानी प्रवेश र बाहिरिने यो मुख्य सडकमा एक दिनमा १० हजार बढी सवारीसाधन आवागमन गर्ने गर्दछन् । सडक पुनःनिर्माणको काम सकिए पनि सडक माथिका पहिरो जोखिम क्षेत्रको व्यवस्थापन हुन नसक्दा पहिरोको जोखिम कायमै रहेको हो । डिभिजन सडक कार्यालय भरतपुरका सूचना अधिकारी शिव खनालले सडक विस्तार र पुलःनिर्माणको काम एकै पटक नहुँदा समस्या भएको बताउनुभयो ।

उहाँले भन्नुभयो “मुख्य रूपमा पुल बनाउँदै गरेका ठाउँमा बढी समस्या देखिएको छ ।” ती ठाउँमा भित्ता काटिएकाले पहिरो खसेको हो । सो सडक खण्डमा निर्माण गरिँदै रहेको १९ पुलमध्ये चार वटाको निर्माण पूरा भएर हस्तान्तरण भइसकेको छ, भने १४ निर्माणको अन्तिम चरणमा रहेको छ । एउटा निर्माण सुरु हुने प्रक्रियामा छ । नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात परियोजना अन्तर्गत नारायणगढ-मुग्लिन सडकको ३६ किलोमिटर सडक विश्व बैंकको सहयोगमा विस्तारको काम गरिएको थियो । सन् २०१५ को अप्रिलमा ठेक्का सम्झौता भई रु दुई अर्ब ९० करोड खर्च गरी तीन वर्ष लगाएर सडक विस्तार गरिएको हो। सोही क्रममा ३१ ठाउँका पहिरो नियन्त्रणका काम गरिएको थियो । अधिकांश ठाउँमा भित्तो काटिएको थियो । जसमध्ये सात ठाउँमा महत्वका साथ पहिरो रोक्ने काम गरिएको थियो। पहिरो रोक्ने कामका लागि मात्र रु ४० करोड खर्च भएको छ। सडक विस्तारका क्रममा काटिएका भित्तो र ग्रामीण क्षेत्रमा जानका लागि खनिएका सडकका कारण धेरै ठाउँमा पहिरोले दुःख दिने गरेको थियो । यस वर्ष पुलका कारण तासिएको भित्तोबाट समेत पहिरो खसेको हो ।

सो सडकमा वर्षातको समयमा पटक-पटक पहिरो खसेर दुःख दिने गरेको छ। नारायणगढ- मुग्लिन र पृथ्वी राजमार्गले धेरै दुःख दिएपछि चितवन, धादिङ र तनहुँका प्रमुख जिल्ला अधिकारीसहितका सुरक्षा अधिकारी, डिभिजन सडकका प्रमुखसहितका सरोकारवालाको संयुक्त बैठक बसेर पूर्व तयारीका योजनासमेत तय गरिएको छ । पहिरोको उच्च जोखिम भएका क्षेत्रमा उपकरण र जनशक्ति तयारी अवस्थामा राख्ने निर्णय गरी कार्यान्वयनमा ल्याइएको छ ।

# ‘मुलुकको समृद्धिका लागि माओवादी एकता आवश्यक’

रासस
काठमाडौं, १५ असार

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले राष्ट्रिय स्वाधिनता र परिवर्तनका लागि माओवादी धारका नेता कार्यकर्तालाई एकताबद्ध हुन आह्वान गर्नुभएको छ ।

पार्टी मुख्यालय पेरिसडाँडामा बुधबार आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले माओवादी धार एक ठाउँमा केन्द्रित भएर नयाँ अभियान सञ्चालन गर्नुपर्छ भन्नुभयो । उहाँले मुलुकको राष्ट्रिय एकता, स्वाधिनता, समाजवादका आधार निर्माण, देशलाई विकास र समृद्धिको यात्रामा लैजानका लागि सबै माओवादीले एकपटक आत्मसमीक्षा गरेर एक ठाउँमा उभिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो “माओवादी आन्दोलनको बलमा नै मुलुकमा परिवर्तन आएको तथ्य जगजाहेर छ । परिवर्तनको स्वामित्व माओवादीले लिनुपर्छ । अब जनता पनि आजित भए । अब तिमी माओवादी एकै ठाउँमा बस भनेर सबैलाई भन्न थाले। कार्यकर्ताको भावना पनि चुनाव नै हो भन्ने देखियो ।”

माओवादी मात्रै मिलेर समाजवादी क्रान्ति सम्पन्न गर्न सकिन्छ भन्ने भ्रममा पनि नपर्न आग्रह गर्दै उहाँले सबै सच्चा कम्युनिष्टलाई एकीकृत र केन्द्रिकृत गर्नुपर्ने उहाँले बताउनुभयो । “माओवादी बाहिर रहेका सच्चा कम्युनिष्टलाई एकताबद्ध पनि गर्नुछ”, उहाँले भन्नुभयो, “माओवादी बाहिर पनि स्वाधिनताको पक्षमा लड्ने क्रान्तिकारी छन्, उनीहरूलाई पनि समेट्नुपर्छ ।”

नेकपा (एमाले)भित्र पनि वर्तमान नेतृत्व बाहेक समाजवादको यात्रामा अगाडि बढ्न चाहने त्यहाँ हजारौँ नेता कार्यकर्ता रहेको उल्लेख गर्दै उहाँले उनीहरूलाई पनि एकताबद्ध बनाएर लैजान सकिने बताउनुभयो ।

“एमालेभित्रका हजारौँ नेता कार्यकर्तालाई एकीकृत र केन्द्रिकृत गरेर लैजान सकिँदो रहेछ भनेर मैले तीन वर्ष अनुभव गरेँ”, तत्कालीन नेकपाको अध्यक्षसमेत रहनुभएका दाहालले भन्नुभयो, “हामी माओवादीले एमालेमा बीउ रोपेर आएको छौँ, केही समयपछि त्यो फुल्छ, फल्छ ।”


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# हराउँदै गयो रोपाइँको मौलिकता : सुनिनै छोडे असारे भाका

– ध्रुवसागर शर्मा
म्याग्दी, १५ असार(रासस)

'असारै खाउला दुधिलो मकै, साउने खाउला खिर,
घरमा छैन शितलु वचन, मनमा छैन थिर ।
छुपुमा छुपु खेतमै रोपु, हातको बीउ छउञ्जेल
जे खानु खाइयो, जे लाउनु लाइयो बाबाको ज्यू छइञ्जेल ॥'

लोकगायिका हरिदेवी कोइरालाले गाउनुभएका यी गीतका हरफ अब रोपाइँका बेला खेतका गह्रामा रोपाहारका मुखबाट सुनिन छाडेका छन् । आजकल असारे गीत असार महिनामा पनि बिरलै सुनिन्छन् । आज असार १५ राष्ट्रिय धान दिवस भए पनि किसानका खेत अहिलेसम्म पनि बाँझै छन् । केही सरकारी तथा गैरसरकारी सङ्घसंस्थाले रमाइलोका लागि खेतमा गएर रोपाइँ गरे पनि पर्याप्त वर्षा नभएकाले न किसान रोपाइँमा व्यस्त हुन पाएका छन् न त भएका रोपाइँमा पनि असारे गीत सुनिएको छ । नेपालमा धान रोप्दा गाइने असारे गीत रोपाइँमा दिनभर थाकेको बाउसे र रोपाराहरू एकअर्कामा हिलो छ्यापछ्याप गरी गीत गाउँदै दुःख कष्ट र थकाइ बिर्सने गर्दथे । खेतका गह्रा, खोलानाला र खहरेबाट झरेको पानीको छङ्छङ आवाजसँगै असारे भाका गाउँदा सुन्नेहरू पनि लठ्ठ पर्ने गर्दथे । तर ती दिनहरू अब इतिहास नै बनेका म्याग्दीकी पुरानो लोकगायिका धनकुमारी थापाले बताउनुभयो । पहिला असारे गीत असार सुरु हुनेबित्तिकै सुनिथ्यो तर अहिले मध्य असार भइसक्दा पनि असारे गीत नसुनिएको लोकगायिका थापाले बताउनुभयो । मानो खाएर मुरी उब्जाउने असार महिनामा पहिलेजस्तो उल्लास आजकल पाइन छाडेको थापाले बताउनुभयो । आजकल मेला हिँड्ने परम्परा कम भएको र असारे गीत गाउने छाडेकाले भाकासमेत लोप भएको बूढापाका बताउँछन् ।

नयाँ पिँढीलाई असारे गीत गाउन आउँदा पनि आउँदैन । रोपाइँका बेला बीउ काढ्ने, खेत रोप्ने अनि रमाइलो गर्ने हुँदा उत्सवजस्तै मानिने असारे रोपाइँको रौनक घटेको मङ्गला गाउँपालिका-२ रणबाङका हरिकृष्ण पौडेलले बताउनुभयो । पछिल्लो सयममा रोपाइँको क्रममा असारे गीत गाउन छाडिएपछि गीतसँगै टुक्का पनि लोप हुने अवस्थामा पुगेको पुराना गायक नेत्रबहादुर महतले बताउनुभयो । "रोपाइँमा त सुनिन छाड्यो, छाड्यो, आजभोलि रेडियो, टिभीबाट समेत गीत सुनिदैन", उहाँले भन्नुभयो ।

पहिले रेकर्ड गरिएका गीतहरू प्राविधिका कारण सङ्ग्रहमा छैनन् भने पछिल्लो पुस्ताका कलाकारले सांस्कृतिक गीतभन्दा पनि व्यावसायिक गीतलाई प्राथमकिता दिँदा थप समस्या भएको म्याग्दीकाली एफएमका स्टेशन म्यानेजर राकेश शर्माले बताउनुभयो । नेपाली लोकगीतमा विभिन्न चाडपर्व, ऋतु, खेतीपाती गर्दा गाइने सांस्कृतिक भाका र भाव मिसिएका पाइन्छन् तर यस्ता गीतको संरक्षण र संवर्द्धन भने हुन सकेको छैन । संस्कृतिमूलक गीत लोप हुँदैछन् । यस्ता गीतलाई संरक्षण गर्न अतिआवश्यक रहेको बूढापाकाको भनाइ छ । आजकल रोपाइँको मौलिकता हराउँदै गएकामा पाका नागरिक चिन्तित छन् । कृषिमा यान्त्रिकीकरण र प्रविधिको प्रयोग बढ्दै गएपछि रैथाने प्रविधि लोप हुँदै गएका छन् । हलो-जुवा र गोरुको ठाउँ मिनीट्रिलर हलोले लिएको छ भने असारे गीत पनि सुनिन छाडेको छ । "पहिला-पहिला धान राम्रो फलोस् भनेर बराहा र सीमेभुमेलाई पूजा गरी बीउ चढाएर रोपाहारले असारे गीतको भाकासँगै धान रोप्न सुरु गर्दथे", बेनी नगरपालिका-२ बगरफाँटका ८७ वर्षीय वेदप्रसाद उपाध्यायले भन्नुभयो, "तर अहिले यी सबै कुरा हराउँदै गएका छन् । खेतका फाँटमा रोपाइँ सकियो तर न हलो-जुवा र गोरु देखिए न असारे भाका नै सुनियो ।"

'सिमसिमे पानी परेको बेला केही छैन ओत लाग्ने
जति नै राम्रो गर्छु तै पनि मैलाई हो खोट लाग्ने ।'

यस्तै-यस्तै शब्दहरूमा असारे भाका हालेर दिनभर रमाइलो गर्दै खेतमा धानको बीउ रोप्ने गरेको बगरफाँटकी ६८ वर्षीया यामकुमारी शर्मा झलझली सम्झिनुहुन्छ । "बिहान खेतमा पसेदेखि मेलो नसकुञ्जेल गाइरहन्थ्यौं, सबै साथीले भाका मिलाएर गाउँदा दिन बितेको पत्तो नै हुँदैनथ्यो, तर आजकल यी सबै कुरा कथाजस्ता हुन लागिसके", उहाँले भन्नुभयो । अहिले न असारे भाका गाउन जान्ने फगामीका दौँतरी छन्, न त छोरीबुहारीले गाउन जानेका छन् । धान रोप्दै गाइने असारे गीतमा दुःख, पीडा, हँस्यौली-ठट्यौली, मायापिरतीका कुरा पनि समेट्ने गरेको उहाँले सुनाउनुभयो ।

अहिलेका युवापुस्ता प्रविधितर्फ आकर्षित भएकाले परम्परागत सीप, साधन, कला र संस्कृति हराउँदै जान थालेकामा स्थानीय बूढापाकाले चिन्ता व्यक्त गरेका छन् । "कृषिमा प्रविधिको प्रयोग गरी कम लागतमा बढी आम्दानी लिनु त राम्रो कुरा हो", बेनी नगरपालिका-४ का कृषक नारायण पौडेलले भन्नुभयो, "तर परम्परागत सीप र साधनमा जैविक विधिबाट गरिने कृषि पद्धतिलाई पनि चटक्कै बिर्सनु भने हुँदैन ।"

कृषिसँग नेपालीको जीवन पद्धति पनि जोडिएको छ । ऐँचोपैँचो, सर-सापट, अर्म-पर्म, हुद्धा-डफ्फा, श्रमदान, सघाइ यी चलन नेपालीका मौलिक चलन हुन् र यी कृषिसँग नै सम्बन्धित चलन भएका बूढापाका बताउँछन् । यिनै प्रचलनको जगमा नै नेपाली समाजको एकता र विविधता दुवै समेटिएको बेनीका पुराना लोक कलाकार प्रकाश श्रेष्ठले बताउनुभयो ।

असारे भाकासँगै अर्मपर्म गरी रोपाइँ गर्ने चलन पनि गाउँघरमा विस्तारै हराउँदै छ । म्याग्दीमा असार दोस्रो सातासम्म जम्मा २० प्रतिशत मात्र रोपाइँ भएको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

'लेकको चरी बैँसीमा झर्‍यो पाकेको बर खान
हाड-मासु चल्यो हृदय जल्यो गाह्रो भो घर खान
असारमास कुटेका चिउरा म कति साँचुला
सौताको हात दुई कुड्की भात म कति बाँचुला ॥

# स्याङ्जामा धान दिवस मनाइयो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १५ असार

हरेक बर्षको असार १५ धान दिवस । सरकारले २०६१ साल मंसिर २९ गते राष्ट्रिय धान दिवस मनाउने मन्त्रीस्तरीय निर्णय पछि २०६२ असार १५ गतेदेखि धान दिवस मनाउन शुरु गरिएको हो । धानको उत्पादन बढाउन सरकारले देशभर धान दिवस मनाउने निर्णय गरेको हो । 'धान रौपौ । खाद्यन्नमा आत्मनिर्भर बनौं' भन्ने यो बर्षको नारा अनुसार देशभर धान दिवस मनाइएको छ । धान दिवसकै अवसर पारेर स्याङ्जाका विभिन्न ठाँउमा धान दिवस मनाइएको छ । ११ ओटै पालिकाले १९ औं राष्ट्रिय धान दिवस मनाएको कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ ।

जिल्लाकै मध्यभाग अनि धान उत्पादनको पकेट क्षेत्र मानिएको वालिङमा विभिन्न कार्यक्रम गरी धान दिवस मनाइएको छ । कृषि विकास श्रोत केन्द्र वालिङले आयोजना गरेको कार्यक्रममा कृषि ज्ञान केन्द, प्रधानमन्त्री कृषि आधुनीकिरण परियोजना, वालिङ नगरपालिकाको कार्यालय तथा युएनडीपी र दियालो संस्था वालिङको साझेदारीमा वालिङ स्थित कालीमाटीमा रोपाई गरेर मनाएको छ । धान दिवस मनाउन थालेपछि किसानहरुमा उत्साह थपिएको कृषि ज्ञान केन्द्र स्याङ्जाले जनाएको छ । रोपाई कार्यक्रममा कृषिमा उत्पादन बढाएर परनिर्भरता घटाउनुपर्नेमा बक्ताहरुले जोड दिएका छन् । जमिन बाँझो राखेर कृषि आयत गरिदा ठुलो आर्थिक बाहिरीएको बताउदै बक्ताहरुले यसको लागत घटाउन सरकारले छुट्टै नीति अवलम्बन गर्नुपर्नेमा जोड दिएका थिए । कृषि उत्पादनलाई आधुनिकीकरण गर्दै परनिर्भता घटाउन वालिङ नगरपालिकाका नगर प्रमुख कृष्ण खाँणले जोड दिए । कृषि प्रधान देश भनिएपनि कृषि उपजमा परनिर्भता बढ्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै नगर प्रमुख खाँणले यसलाई रोक्न तिनैतहका सरकारहरु बिशेष खालले लाग्नुपर्ने बताए । असार १५ लाई किसानले जसरी उर्जाशिल बनाएका छन् अन्यदिनहरुलाई पनि उर्जाशिल बनाएर कृषि उत्पादनमा लाग्नुपर्ने खाँणको सुझाव थियो । उनले कृषि क्षेत्रमा युवावर्गलाई आकर्षण गर्न नसक्नु, सिँचाईको पूर्ण प्रबन्ध नहुनु, कृषिमा आधुनीकिकरण नहुनु, समयमै विउजिन, मल नपाउनु लगायतका समस्याले धान तथा कृषि उत्पादन बढि हुन नसकेको बताए । 'धान बालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग' भन्ने मूल नारासहित आयोजित रोपाईं महोत्सवमा कृषि ज्ञान केन्द्र स्याङ्जाका प्रमुख विनोद हमालले 'अन्नहरुको राजा' धानको उत्पादन घट्दै जानु दुखद रहेको बताए । उनले गुणस्तरीय बीउको प्रयोग, आधुनिक खेती प्रणाली लगायतका माध्यमबाट उत्पादन वृद्धि गर्न सकिने सुझाव व्यक्त गरे । स्याङ्जामा अहिले सम्म ६५ प्रतिशत रोपाई सकिएको जानकारी दिए । बेलैमा बर्षाद भएकाले जिल्लाका उच्चभागमा रोपाई सकिएको र फाटमा रोपाई शुरु हुनलागेको ज्ञान केन्द्रले जनाएको छ ।

यसैगरी भीरकोट नगरपालिकाले कृषक पाठशाला प्रतियोगिता गरेर राष्ट्रिय धान दिवस मनाएको जनाएको छ । भीरकोट ५ पकान फाटमा कृषक दिवस कार्यक्रम गरी प्रतियोगिता गरिएको बताइएको छ । भीरकोट नगरपालिका पनि धान पकेट क्षेत्रको रुपमा मानिदै आएको छ ।

# गाईखुरे झरनामा पर्यटक बढ्दै

पोखरापत्र संवाददाता
लमजुङ, १५ असार

डुम्रे-बैँसीसहर सडक छेउमा रहेको बैँसीसहर नगरपालिका-१ दलालस्थित गाईखुरे झरनामा पर्यटक बढ्न थालेका छन् । केही महिना सुनसान रहेको यस झरनामा पानी बढ्न थालेसँगै एक हप्तायता दैनिक पर्यटक बढ्न थालेका हुन् ।

यहाँ दैनिक १५० देखि २०० सम्म पर्यटक आउने गरेको यस वडाका वडाध्यक्ष दुर्गाबहादुर बुढाथोकीले बताउनुभयो । शुक्रबार, शनिबार र बिदाको समयमा यतिबेला २०० देखि ३०० जनासम्म पर्यटक आउने गरेका उहाँले सुनाउनुभयो । यहाँ बिहान ७ देखि साँझ ७ बजेसम्म पर्यटक आउने उहाँको भनाइ छ ।

यस झरनामा लमजुङसहित छिमेकी जिल्ला तनहुँ, गोर्खा, कास्की, मनाङ लगायतका ठाउँका पर्यटक आउने गरेको स्थानीयवासी बताउँछन् । यहाँ डुम्रे बैँसीसहर सडक नजिकै रहेकाले यस रुटमा सञ्चालन हुने सवारी साधन यहाँ आइपुग्दा एक छिन भए पनि रोकिएर झरना हेर्दै जाने गरेको पाइन्छ ।

छहरा हेर्दै फुरुङ बनेका पर्यटक कोही धमाधम छहराको फोटो खिच्छन्, त कोही छहरालाई पृष्ठभूमिमा पारेर आफ्नै फोटो र सेल्फी खिच्छन् । अधिकांश पर्यटक झरनाको पानीसँगै रुच्दै पोखरीमा पौडी खेलेर समाउने गर्छन् । करिब ६० मिटर उचाइबाट झरेको पानीको छहरामा लहराउँदै झरेको पानीमा सूर्यको प्रकाशसँगै देखिने इन्द्रेणीले झनै सुन्दरता थपिदिन्छ । झरनाको शीतलतासँगै सेल्फी खिच्दा मन चङ्गा जस्तै हुने पर्यटक शर्मिला घिमिरेले बताउनुभयो । असारदेखि असोज महिनासम्म मात्र यस झरनामा पानी झर्ने गर्दछ ।

झरना वरिपरि व्यवस्थित हुन सकेको छैन । यतिका पर्यटक र क्यानोनिङको सम्भावना बोकेको झरना व्यवस्थित गर्नका लागि बैँसीसहर नगरपालिकाले अन्य सङ्घसंस्थासँग मिलेर झरनालाई थप व्यवस्थित गर्दै पर्यटकको आकर्षणको केन्द्र बनाउने तयारीमा रहेको नगरप्रमुख गुमानसिंह अर्यालले बताउनुभयो । उहाँका अनुसार यस झरनालाई बाह्रै महिना पर्यटकको आकर्षणको केन्द्र बनाउनका लागि तीन वर्षअघि डिपिआरसमेत तयार गरिसकिएको छ । नगरपालिकाले रु छ करोड ६९ लाखमा एक निजी कम्पनीलाई सूचीकृत गरिसकेको नगरप्रमुख अर्यालले बताउनुभयो ।

# शनिबार विनोदले झुमाउने, युवराजले हसाँउने

पोखरापत्र संवाददाता
पोखरा, १५ असार

गायक विनोद वानियाको प्रस्तुतीमा दर्शक रम्न पाउने भएका छन् । असार १८ गते शनिबार पोखरा सभागृहमा हुने पोखरा स्पोर्टस् अवार्ड २०७८ मा हुने सांगीतिक तथा सांस्कृतिक प्रस्तुतीमा गायक वानियाले आफ्नो प्रस्तुती मार्फत दर्शकलाई झुमाउने छन् । उनका चर्चित गीत सुन्दै संगीतको मज्जा लिने मौका तहाँ मिल्नेछ ।

सोही कार्यक्रममा गायक सन्तोष बस्याल र गायिका प्राप्ति तुलाचनको सांगीतिक प्रस्तुती संगीतप्रेमीको लागि आर्कषण बन्ने कार्यक्रम आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जानकारी दिए । यसैगरी हाँस्यव्यङ्गतर्फ युवराज भण्डारीको प्रस्तुतीमा दर्शकले पेट मिचिमिचि हाँस्न पाउनेछन् । पोखरेली माग्ने बुढाको रुपमा समेत परिचय बनाएका भण्डारीले स्टान्डअप कमेडी मार्फत दर्शकलाई मनोरञ्जन दिने तयारी गरेका छन् ।

लोकदोहोरी प्रेमी दर्शकको लागि लाइभ दोहोरीमा रमाउने अवसर सिर्जना गरिनेछ । बिबोइङ प्रस्तुती मार्फत नयाँ पुस्ताका दर्शकको ध्यान खिच्न गण्डकी बिब्वाइजको टिमले प्रस्तुती राख्नेछ । गजलकार मन क्षेत्रीका चोपिला गजल सुन्दै मनलाई प्रफूल्लित पार्न मात्र हैन गण्डकी प्रज्ञा प्रतिष्ठानको राष्ट्रियता झल्कने तथा गण्डकी प्रदेशको भेषभुषा झल्कने नृत्य हेर्दै रमाउन पाइनेछ । सोही कार्यक्रममा डेमोस्ट्रेसन समेत हेर्न पाइनेछ । विश्व खेलकुद पत्रकार दिवसको अवसर पारेर मञ्च गण्डकीले लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेल संघ, उत्कृष्ट उदियमान खेलाडी र उत्कृष्ट खेल पत्रकारलाई अवार्ड वितरण गर्ने महासचिव पौडेलको भनाई छ ।

अवार्ड कार्यक्रमलाई गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, एम ए कस्ट्रक्सन प्रालि, सहारा क्लब पोखरा, नेपाल भूतपुर्व खेलाडी मञ्च, तमु धिं युके, आव्या क्लब, होटल पौवा लेकसाइड, जु जु वेर्यस, सिटीवान टेलिभिजन, पोखरेली मञ्च युके, चिल्लिबार एण्ड रेष्टुरेन्ट, साइमन पार्टी प्यालेस, टाइगर गुप्र अफ पोखरा, वल्डलिंक, फिस्टेल हस्पिटल, युनाइटेड क्लब, अमेरिकाबाट सरिता गुरुङ, जापानबाट पूर्व अध्यक्ष मोहन घले, पूर्व अध्यक्ष प्रेमनारायण न्यौपाने, मनकामना पेट्रोलपम्प, सिटीजन फर्निचर लगायतले सहयोग गरेका छन् ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २१ मा बाझी पोखरीदेखि स्वास्थ्य केन्द्र साविक निर्मल पोखरी वडा कार्यालय जाने सडक स्तरोन्नती कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।


योजनाको नामः बाझी पोखरीदेखि स्वास्थ्य केन्द्र साविक निर्मल पोखरी वडा कार्यालय जाने सडक स्तरोन्नती
स्थानः पोखरा–२१ निर्मलपोखरी
योजना शुरु मितिः २०७८/१२/२१ गते
योजना सम्पन्न मितिः २०७९/०३/१५ गते
योजनाको कुल लागत : रु. १२,२७४६२.५०।–
पोखरा महानगरपालिकाबाट : रु.११,००,०००।–
जनसहभागिताबाटः १,२७,४६२.५०।–
उपभोक्ता समिति अध्यक्षः रेशम गिरी
सचिवः पृतम गिरी, कोषाध्यक्षः मन्जुदेवी गिरी
सदस्य संख्याः १२ जना महिलाः ५ पुरषः ७ जना

**बाझीपोखरी स्वास्थ्य चौकी वडा कार्यालय**
**बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा-२१, निर्मलपोखरी**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## भावपूर्ण श्रद्धाञ्जली



जन्मः
वि. सं. २०००/०७/०४ गते

स्वर्गारोहणः
वि. सं. २०७९/०३/०८ गते

स्वः हरिजंग राण

हाम्रा आत्मीय मित्र सुरजजंग राणाका पुजनीय पिता **हरिजंग राणा**को ७९ वर्षको उमेरमा भएको असामयीक निधनले हामी अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ । आज उहाँको नवौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारणा गर्ने शक्ति भगवानले प्रदान गरून भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | | | |
|---|---|---|---|
| उत्तम बराल | कृष्ण थापा | राज कुमारी थापा | दिपक थापा |
| शुनिल बराल | रामकृष्ण पाहारी | ललित मगर | हेमराज चालिसे |
| रिता पराजुली | नारायण भण्डारी | शिवा गुरुङ | डा. अजय थापा |
| शोभाकान्त सिग्देल | केशव बराल | हरिप्रसाद बास्तोला | अजय वाग्ले |
| | सृजना बराल | बासुदेव मिश्र | |